**लागि: विद्यार्थीहरू, संकाय तथा कर्मचारीहरू**

**बाट: रणनीतिक सञ्चार कार्यालय (*Office of Strategic Communication*)**

**बारेमा: Mnookin *Columbia* विश्वविद्यालयमा अध्यक्ष हुने**

**मिति: जनवरी २५, २०२६**

यस शैक्षिक वर्षको अन्त्यमा, कुलपति Jennifer L. Mnookin *University of Wisconsin–Madison* छोड्नुभएर न्यू योर्क शहरमा रहेको *Columbia University* मा अध्यक्षको रूपमा काम शुरू गर्नुहुनेछ।

राष्ट्रिय स्तरमा प्रख्यात प्रमाण विद्वान, Mnookin ले अगस्ट ४, २०२२ देखि *UW–Madison* मा कुलपतिको रूपमा काम गरिरहनुभएको छ। म्याडिसन आउनुअघि, वहाँ *University of California, Los Angeles Law School* को डीन हुनुहुन्थो।

वहाँको नेतृत्वको अवधिमा, विश्वविद्यालयले महत्त्वपूर्ण राष्ट्रिय स्तर चढेको छ, विद्यार्थीको नतिजामा सुधार ल्याएको छ, रेकर्ड कोष सङ्कलन सफलता हासिल गरेको छ र *UW–Madison* को शिक्षालाई विस्कन्सिनका धेरै विद्यार्थीहरूको लागि किफायती र पहुँचयोग्य बनाउन सहयोग गरेको छ।

"आफ्नो कार्यकालमा, कुलपति Jennifer Mnookin ले यस महान् विश्वविद्यालयमा असीमित ऊर्जा, लचिलोपन र गहिरो विचारशील नेतृत्व ल्याउनुभयो। अब अर्को प्रतिष्ठित संस्थामा वहाँले नयाँ अवसर लिने क्रममा, हामी वहाँको सेवाप्रति हाम्रो पर्याप्त कृतज्ञता व्यक्त गर्दछौं र आगामी वर्षहरूमा वहाँको निरन्तर सफलताको कामना गर्दछौं," *Universities of Wisconsin* का अध्यक्ष Jay Rothman ले भन्नुभयो।

Rothman ले चाँडै नै *UW–Madison* को लागि एक अन्तरिम अगुवाको नाम पेश गर्ने तथा स्थायी अगुवाको खोजी यस वर्षको अन्त्यतिर शुरू हुने बताउनुभएको छ।

"विस्कन्सिन परिवारको हिस्सा हुन पाउनु साँच्चै नै सम्मानको कुरा हो। उच्च शिक्षाका लागि चुनौतीपूर्ण समयमा पनि हामीले साथमा हासिल गरेका उपलब्धिमा म गर्व गर्दछु र मलाई थाहा छ *UW–Madison* क्याम्पस समुदायको लागि अगाडि ठूलो सम्भावनाहरू छन्," Mnookin भन्नुहुन्छ।

"*UW–Madison* मा मैले बिताएको समय जीवन बदल्ने रहेको छ र यसको धेरै श्रेय प्रतिभाशाली र गहिरो प्रतिबद्ध भएका संकाय, विद्यार्थीहरू र कर्मचारीहरूलाई जान्छ जसले हाम्रो संस्थालाई घर मान्दछन् र जसले विस्कन्सिन विचार (*Wisconsin Idea*) लाई जीवन्त बनाउन प्रयास गर्दछन्। म मेरो प्रस्थान अघि हरेक दिन कडा परिश्रम गरिरहनेछु र सहज सङ्क्रमण सुनिश्चित गर्न अध्यक्ष Rothman, रिजेन्ट बोर्ड तथा अरूहरूसँग साझेदारी गर्न तयार छु।"

*Universities of Wisconsin Board of Regents* को तर्फबाट Mnookin र वहाँको उपलब्धिहरूको लागि प्रशंसा व्यक्त गर्दै, *Regents* का अध्यक्ष Amy B. Bogost भन्नुहुन्छ: "कुलपति मनुकिनको अथक परिश्रम र Mnookin वहाँले

*University of Wisconsin* मा प्रदान गर्नुभएको परिवर्तनशील देनप्रति हामी गहिरो कृतज्ञता व्यक्त गर्दछौं। वहाँ एक अविश्वसनीय अगुवा हुनुहुन्छ जसको अद्वितीय शक्ति र सबैभन्दा कठिन समयमा पनि धेरै कुरा हासिल गर्ने क्षमताले वहाँलाई साँच्चै नै अलग बनायो। विस्कन्सिन विचारप्रतिको वहाँको गहिरो प्रतिबद्धताले हामी सबैलाई कडा परिश्रम गर्न र राम्रो गर्न प्रेरित गर्दछ र हामी यो ज्ञानमा सुरक्षित छौं कि वहाँको असाधारण योगदानले हामीलाई अझ बलियो भविष्यको लागि तयार पारेको छ।"

पूरा संस्करण यहाँ पढ्नुहोला: https://news.wisc.edu/mnookin-to-assume-presidency-at-columbia-university/।